# मगर संघ युकेको “आठौँ कार्य समिति” निर्वाचनसम्बन्धि आचारसंहिता र कार्यतालिका

मगर संघ युकेको "आठौँ राष्ट्रिय महासभा" (सन् २०२५ अप्रिल ५ मा, एम्पायर हल, अल्डरशटमा हुने) को दोश्रो खण्डमा “आठौँ कार्य समिति” चयन हुने जानकारी यसअघि नै सुचित गरी सकेको स्मरण गराउँदछौं । उक्त कार्य सम्पन्न गर्नको लागि "मगर संघ युकेको बिधान २००२ (संशोधन २०२२)" बमोजिम ५ सदस्यीय निर्वाचन समिति गठन भैसकेको पनि जानकारी गराउँदछौं ।

बिधान अनुसार उम्मेदवारीको लागि योग्यता पुगेका मगर दाजुभाई, दिदीबहिनीहरुलाई निम्न पदको लागि उम्मेदवारी दर्ता गर्न आव्हान गरिन्छ:

अध्यक्ष संख्या – १
बरिष्ठ उपाध्यक्ष संख्या – १
उपाध्यक्ष संख्या – २ (१ जना महिलालाई प्राथमिकता)
महासचिव संख्या – १
कोषाध्यक्ष संख्या – १
सचिव संख्या – १
सहकोषाध्यक्ष संख्या – १
सदस्यहरु संख्या – १३

**निर्वाचन समितिको हक, अधिकार र जिम्मेवारी**

१. नयाँ कार्य समिति गठनको सम्पूर्ण जिम्मेवारी मगर संघ युकेको बिधान अनुसार निर्वाचन समितिलाई दिएको छ ।
२. निर्वाचन समितिले बिधान र सर्वमान्य मान्यताको सिद्धान्तको आधारमा निष्पक्ष, तटस्थ रही र धाँधलीरहित नयाँ कार्य समिति चयन गर्नेछ ।

३. संघको बिधान अनुसार कार्य समिति चयन गर्नको लागि **आचारसंहिता** तयार गर्ने (आवश्यक परे परिमार्जन गर्ने) र **कार्यतालिका** बनाउने (आवश्यक परे परिमार्जन गर्ने) अधिकार निर्वाचन समितिलाई रहनेछ ।

४. निर्वाचनसम्बन्धि जुनसुकै बिषयमा विवाद र अस्पष्टता भए/रहे निर्वाचन समितिको निर्णय नै अन्तिम हुनेछ ।

५. नयाँ कार्य समिति गठन भै बिधानत: सपथ लिएपछि निर्वाचन समिति जिम्मेवारी समाप्त हुनेछ ।

**मतदानको लागि योग्यता**

१. बिधानत: निम्न व्यक्तिहरुले मतदान गर्न पाउने छन्:

क. पेट्रोन (यदि मगर भए) – श्रीमान र श्रीमती दुवै ।

ख. भवन ट्रस्टी – श्रीमान र श्रीमती दुवै ।

ग. आजीवन सदस्य – श्रीमान र श्रीमती दुवै यदि दुवै आजीवन सदस्य भए । यदि एकजना मात्र आजीवन सदस्य भए आजीवन सदस्यले मात्र एउटा भोट दिन पाउनेछ । नोट: आजीवन सदस्य राष्ट्रिय महासभा (अर्थात् चुनाव) हुने मितिभन्दा ६ महिना अगाडि लिएको हुनु पर्नेछ ।

घ. हरेक शाखाबाट आएका ७ जना प्रतिनिधिहरु ।

२. मत स्वयम् व्यक्ति उपस्थित भएर तोकिएको समयभित्र दिनु पर्नेछ । प्रोक्सी (अरुले दिएको) मत कुनै प्रयोजनको लागि स्वीकार हुनेछैन ।

## उम्मेदवारको लागि आवश्यक योग्यता

बिधानत: मगर संघ युकेको कार्य समितिमा उम्मेदवार दिनको लागि निम्न योग्यता आवश्यक पर्दछ:

१. अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिव, कोषाध्यक्ष र सहकोषाध्यक्ष पदहरुमा उम्मेदवारी दिनको लागि ट्रष्टी सदस्य या आजीवन सदस्य हुनु पर्दछ ।

२. हरेक शाखाबाट सिफारिस भएर आएका ७ जना सदस्यहरुले पनि माथि उल्लेखित पदहरुमा उम्मेदवार दिन पाउनेछन् । तर त्यसरी उम्मेदवार दिने सदस्य भवन ट्रष्टी या आजीवन सदस्य नभएको खण्डमा उनीहरु निर्वाचित/छनौट भएको ६ महिनाभित्र सो हुनु पर्दछ ।

३. उम्मेदवार दिने व्यक्तिको आचरण असल हुनु जरूरी छ र विधानको च्याप्टर ३ मा उल्लेख गरिए बमोजिम हुनु पर्दछ ।

४. अध्यक्ष र महासचिव पदको लागि उम्मेदवारी दिने व्यक्ति अर्को कुनै संघ या संस्थाको सोहि पदमा रहेको हुनुहुँदैन । सो पदमा निर्वाचित/छनौट भएको व्यक्ति पछि अर्को संघ या संस्थाको सोहि पदमा रहेर काम गरेको पाएमा मगर संघको अध्यक्ष या महासविव पदबाट स्वत: पदमुक्त हुनेछ ।

## उम्मेदवारी दर्ताको प्रकिया र उम्मेदवारको लागि आचारसंहिता

१. नयाँ कार्य समितिमा उम्मेदवार बन्न चाहने व्यक्तिले एकजना प्रस्तावक र एकजना समर्थकको हस्ताक्षरसहितको "**उम्मेदवारी मनोनयन फारम**" भर्नु पर्नेछ ।

२. उम्मेदवार दर्ता गर्नु अघि उम्मेदवारहरुले '**उम्मेदवारी शुल्क**" मगर संघ युकेको यस बैंक खातामा जम्मा गर्नु पर्नेछ: Account Name: Magar Association UK, Account Number: 02734002, Sort Code: 30-93-32 मा पदअनुसार निम्न रकम जम्मा गर्नु पर्नेछ:

अध्यक्ष पदको लागि – पाउण्ड ५००.००
बरिष्ठ उपाध्यक्ष्य पदको लागि – पाउण्ड ३००.००
उपाध्यक्ष पदको लागि – पाउण्ड २००.००
महासचिव पदको लागि – पाउण्ड १५०.००
कोषाध्यक्ष पदको लागि – पाउण्ड १००.००
सचिव पदको लागि – पाउण्ड १००.००
सहकोषाध्यक्ष पदको लागि – पाउण्ड १००.००
सदस्य पदको लागि– पाउण्ड ५०.००

३. उम्मेदवारले उम्मेदवारी फारमको साथमा "उम्मेदवारी शुल्क" तिरेको रसिद अनिवार्य समावेस गरि ईमेल या हुलाकमार्फत निर्वाचन समितिमा पठाउनु पर्नेछ । उम्मेदवारी शुल्क तिरेको प्रमाणित नभएसम्म उम्मेदवारी फारम दर्ता हुने छैन ।

४. उम्मेदवारहरुले समुह या प्यानल बनाएर समुहगत रुपमा मतको लागि आव्हान गर्न या प्रचारप्रसार गर्न पाउने छैन ।

५. निर्वाचन प्रचारप्रसारको क्रममा कसैलाई व्यक्तिगत गाली बेईज्जति गर्ने, डर–धम्कि दिने, अनावश्यक प्रचार सामग्री बनाउने, गलत सूचना प्रबाह गर्ने, सामाजिक संजालमार्फत गलत तथ्य देखाएर व्यक्तिलाई प्रभावित गर्ने या मिडियाबाट सचित्र प्रचारप्रसार गराउने कार्य पूर्ण रुपमा निषेध गरिएको छ ।

६. कुनै पनि उम्मेदवारको योग्यता विधानबमोजिम नपुगेको प्रमाणित भएमा निर्वाचन समितिले उम्मेदवारी रद्द गर्न सक्नेछ । उम्मेदवारी दर्ता भई सकेर उम्मेदवारी फिर्ता या रद्द भएको खण्डमा तिरी सकेको "उम्मेदवारी शुल्क" फिर्ता हुने छैन ।

७. निर्वाचन समितिले निर्धारण गरेको आचारसंहिता उल्लङ्घन गर्ने उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्नेछ ।

**निर्वाचन कार्यतालिका**

१. नयाँ कार्य समितिको गठन या निर्वाचन (गर्नु पर्ने अवस्था आएमा) निम्न कार्यतालिका अनुसार हुनेछ:

| क्र. सं. | कार्यक्रम | मिति र समय | स्थान |
|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन | ५ मार्च २०२५ | मगर संघ युके वेबसाइट |
| २. | मतदाता नामावलीमाथि दाबी बिरोध | ५ – १२ मार्च २०२५ मध्यान्ह १२ बजेसम्म | ईमेल वा पोष्टमार्फत |
| ३. | अन्तिम मतदाता नामावली प्रकाशन | १३ मार्च २०२५ | मगर संघ युके वेबसाइट |
| ४. | उम्मेदवारी मनोनयन | १३ – २० मार्च २०२५ मध्यान्ह १२ बजेसम्म | ईमेल वा पोष्टमार्फत (उम्मेदवारी मनोनयन फारम र उम्मेदवारी शुल्क तिरेको रसिद/प्रमाण) |

| | | | |
|---|---|---|---|
| ५. | उम्मेदवारको प्रथम नामावली प्रकाशन | २१ मार्च २०२५ साँझ ५ बजे | मगर संघ युके वेबसाइट |
| ६. | उम्मेदवारको नाममाथि दावीबिरोध र फिर्ता | २२ – २८ मार्च २०२५ मध्यान्ह १२ बजेसम्म | ईमेल वा पोष्टमार्फत |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २९ मार्च २०२५ | मगर संघ युके वेबसाइट |
| ८. | मतदान (आठौं राष्ट्रिय महासभाको दोश्रो खण्ड) | ५ अप्रिल २०२५ (समय पछि निर्धारण गरिने) | एम्पायर हल, अल्डरशट, जियु ११ १ डिजे |
| ९. | मत गणना, परिणाम घोषणा, प्रमाणपत्र वितरण र सपथ | ५ अप्रिल २०२५ | एम्पायर हल, अल्डरशट, जियु ११ १ डिजे |

२. निर्वाचन सम्बन्धि सम्पूर्ण जानकारी मगर संघ युकेको वेवसाईट https://www.magaruk.org/mauk-s8thnga मा प्रकाशन गरिनेछ ।

३. उम्मेदवारी मनोनयन फारम र सम्बन्धित कागतपत्र, तथा मतदाता नामावली र उम्मेदवारी दाबी बिरोध निर्वाचन समितिको तल दिएको ईमेल या पोस्टल ठेगानामा तोकिएको समयसीमाभित्र रहि प्रमाण पुरयाई लिखित रुपमा गर्नु पर्नेछ:

**ईमेल:** maukelection.enquery@gmail.com

**पोस्टल ठेगाना:** Secretary, Election Commission 2025, Copthorn, Sandy Lane, Curridge, Thatcham, Berkshire, RG18 9DG

४. निर्वाचनसम्बन्धि कुनै पनि बिषयको जानकारी लिनको लागि निर्वाचन समितिको पदाधिकारीहरुलाई फोन गर्न सकिनेछ ।

सन् ७ फेब्रुअरि २०२५

**- निर्वाचन समिति, आठौँ राष्ट्रिय महासभा**

प्रमुख निर्बाचन आयुक्त: डा. प्रेम आले मगर – फोन: ०७५५ १९६ २१२२
सदस्य सचिव: श्रीमती जमुना गर्बुजा पुन मगर – फोन: ०७८४ ६१८ १६४५
सदस्य: श्रीमती हेमा राना मगर – फोन: ०७८८ ६८७ ८१००
सदस्य: श्री विजय थापा मगर – फोन: ०७८४ ६४० ७६७३
सदस्य: श्री हिक्मत सिं रोका मगर – फोन: ०७७३ ७३२ २८३४